**GMMC Journal of Interdisciplinary Studies**
**Vol. 12, December 2023, pp. 183-192**
**ISSN : 2392-4519 (Print), 3021-9086 (Online)**
**Journal homepage: http://gmmcjournal.edu.np**

# नेपाली साहित्य, समसामयिक सन्दर्भ र अभिलक्षण

**जमुना अर्याल***

शिक्षा शास्त्र सङ्काय, गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस, पोखरा
*Corresponding Author Email:aryaljamuna96@gmail.com*

Received: August, 2023
Revised:September, 2023
Accepted: November, 2023
Available online:December, 2023

*Copyright: ©2023 The authors and the Publisher*

## सार

*मानवीय अनुभव र संवेदनालाई कलात्मक रूपमा प्रस्तुत गर्ने काम साहित्यमा हुन्छ । साहित्यले लेखक पाठक, स्रोता सबैलाई हित गर्दछ । नेपाली साहित्य अन्तर्गत लघुकथा, कथा, उपन्यास, गजल, मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, नाटक, एकाङ्की, संवाद, वादविवाद, जीवनी, निबन्ध आदि विधा, उपविधा पर्दछन् । प्रस्तुत लेखमा नेपाली साहित्य समसामयिक सन्दर्भ र अभिलक्षणलाई प्रस्तुत गरिएको छ । नेपाली साहित्यका प्रमुख विधा नाटक, कविता, आख्यान र निबन्धका समसामयिक सन्दर्भ र अभिलक्षण के कस्ता रहेका छन् ? प्रस्तुत गर्ने सन्दर्भमा यो लेख तयार पारिएको छ । नाटक विधामा प्रयोगवादी प्रवृत्ति, विज्ञान नाटक, सडक नाटक (समूहगत) अभिलक्षणलाई जोड दिइएको छ। कविता विधामा सरलता, सम्प्रेष्य विषयवस्तु, स्वतन्त्रता, प्रजातान्त्रिक मूल्यमान्यतालाई जोड दिइएको छ । आख्यान अन्तर्गत पर्ने कथा र उपन्यास विधामा समतामूलक समाजको निर्माण, क्रान्तिकारी प्रगतिवादी चेतना, शोषित वर्ग सङ्गठित भइ अन्यायका विरुद्ध लाग्नुपर्ने पक्षलाई प्रस्तुत गरिएको छ भने निबन्ध विधाका समसामयिक प्रवृत्ति यात्रा वर्णन, हास्यव्यङ्ग्य दार्शनिकता, बौद्धिकता आदि रहेका छन् । यो लेखबाट स्नातक, स्नातकोत्तर तहका विद्यार्थी, प्राध्यापक, लेखक र जिज्ञासु पाठकलाई सहयोग पुग्दछ ।*

***शब्दकुञ्जी:*** समसामयिक, अभिलक्षण, चेतनप्रवाह शैली, प्रगतिशील चेतना, मानवीय अस्तित्व, समतामूलक समाज, स्वतन्त्रता

## विषय परिचय

वर्तमान समयमा साहित्य शब्दले जुन अर्थ व्यक्त गर्दछ त्यसै अर्थकै पर्यायका रूपमा पूर्वीय र पाश्चात्य दुबै जगत्मा काव्य शब्द प्रयोग हुने गरेको कुरा साहित्य शास्त्रको ऐतिहासिक विकासक्रमबाट थाहा पाइन्छ। साहित्य शब्दको प्रयोग र प्रादुर्भाव त धेरैपछि भएको पाइन्छ (भण्डारी र पौडेल, २०६१ : ३) । मानवीय भावना वा संवेदनालाई लयात्मक भाषाका माध्यमले सौन्दर्यपूर्ण साथै रमणीय अभिव्यक्ति दिने कलाकार नै साहित्यकार हुन् । अहिले साहित्यको व्यापक अर्थ भएको छ । गद्य, पद्य अन्तर्गतका सबै विधा कथा, उपन्यास, नाटक, एकाङ्

की, निबन्ध, काव्य सबै विधा साहित्य अन्तर्गत पर्दछन् । साहित्य समाजका अनुभव र अनुभूतिको सुबोध, कलामय, सरस र स्वतन्त्र अभिव्यक्ति हो । जसमा सत्यम्, शिवम् र सुन्दरम्को अभिव्यक्ति हुन्छ । साहित्य सबैका लागि हितकारी हुन्छ । साहित्यमा निहित शब्द र अर्थ व्यक्ति, समाज दुबैका लागि कल्याणकारी हुन्छ । साहित्य गद्य र पद्य दुबैमा लेखिन्छ । साहित्यकारले साहित्यिक कृतिमा जीवन जगत् बिचको सम्बन्ध, क्रिया प्रतिक्रिया अनुभूतिका रूपमा प्रस्तुत गर्दछ ।

साहित्यको परिभाषा गर्ने क्रममा जोनसनले भनेका छन्- “काव्यको परिभाषालाई अझ व्यापक पार्दे साहित्य सूर्यको प्रकाश जस्तै बौद्धिक प्रकाश हो ।” जसले हामीलाई नयाँ नयाँ कुरा देखाइदिन्छ । त्यसैगरी लक्ष्मीप्रसाद देवकोटाले भनेका छन् : हृदय र मस्तिष्कको सन्तुलित विकासको पैदावरी गराउने चेष्टाद्वारा प्रकाशन व्यक्तित्वद्वारा प्रभावित सिर्जनाको धारालाई हामी साहित्य भन्छौ” । साहित्य सम्बन्धी ठिक्क मिल्ने एउटै परिभाषा नभए पनि सामाजिक क्रिया प्रतिक्रियाको कलात्मक अनुभूति तथा जीवन जगत्को सम्बन्धको कलात्मक अभिव्यक्ति साहित्य हो । वर्तमान समयमा साहित्यको व्यापक अर्थ भई गद्य, पद्य अन्तर्गतका सबै विधा लघुकथा, कथा, उपन्यास, गजल, मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, नाटक, एकाङ्की, निबन्ध, डायरी लेखन, पत्र लेखन आदि साहित्य अन्तर्गत पर्दछन् ।

## समस्याकथन

अध्ययनका क्रममा शीर्षक केन्द्रित भएर समस्या निर्धारण गर्न‘ समस्याकथन हो । समस्यालाई प्रश्नको रूपमा प्रस्तुत गर्न‘पर्ने हुन्छ । समस्या विशिष्ट एवम् उत्तर प्राप्ति गर्न सक्ने हुनुपर्दछ (अर्याल, २०७६ : ३) ।

नेपाली साहित्य र समसामयिक सन्दर्भ शीर्षक केन्द्रित समस्या यसप्रकार रहेको छ- नेपाली साहित्यका प्रमुख विधाहरुको समसामयिक अभिलक्षण के कस्ता रहेका छन् ?

## उद्देश्यकथन

अध्ययन अनुसन्धानका क्रममा उद्देश्यकथन महत्त्वपूर्ण हुन्छ । जुनसुकै अध्ययनका उद्देश्य मूल रूपमा समस्या समाधानतर्फ उन्मुख हुन्छन् । समस्याका रूपमा प्रस्तुत गरिएका प्रश्नको वस्तुपरक र प्रामाणिक समाधान नै अध्ययनको उद्देश्य हो (चौहान र के.सी., २०७५ : ७८) । नेपाली साहित्य र समसामयिक सन्दर्भ केन्द्रित उद्देश्य कथन यसप्रकार रहेको छ :

नेपाली साहित्यका प्रमुख विधाहरूको समसामयिक अभिलक्षण पहिचान गर्न‘ ।

## अध्ययन विधि र प्रक्रिया

नेपाली साहित्य र समसामयिक सन्दर्भ शीर्षकको प्रस्तुत लेखन तयार गर्नका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । विभिन्न सन्दर्भ पुस्तकहरू, पत्रपत्रिकामा छापिएका सम्बन्धित लेखहरूलाई एकत्रित गरेर निगमनात्मक  र विश्लेषणात्मक विधिका आधारमा नेपाली साहित्य र समसामयिक अभिलक्षणहरू प्रस्तुत गर्ने काम भएको छ ।

## नेपाली साहित्यका प्रमुख विधा

नेपाली साहित्यमा प्रमुख विधाका रूपमा निम्न लिखित रहेका छन् :

- नाटक विधा
- कविता विधा
- आख्यान विधा
- निबन्ध विधा

माथि उल्लेख गरिएका विधाहरूको छुट्टाछुट्टै रूपमा विधागत समसामयिक सन्दर्भ र अभिलक्षण निम्नानुसार रहेका छन् :

## नाटक विधाको समसामयिक सन्दर्भ र अभिलक्षण

नाटक लोकजीवनको अनुकरण हो। वि.सं. २०३७ देखि नेपाली नाटकमा नवीनतम् मूल्यमान्यताहरू स्थापित भएका छन्। २०३७ को नेपाली नाटकको नवीनतम प्रवृत्ति समसामयिकता हो। पुराना मूल्यमान्यता छोडी आफूले देखे भोगेको युग जीवनलाई नयाँ पद्धतिले साहित्यमा प्रकट गर्नु नै समसामयिकता हो। साहित्य कहिल्यै बुढो पुरानो हुँदैन, साहित्य कहिल्यै मर्दैन। युग जीवन जसरी परिवर्तन हुँदैजान्छ। त्यसैगरी साहित्य पनि परिवर्तन हुँदैजान्छ। वर्तमान समयमा लेखिँदैमा कुनै रचना समसामयिक हुँदैन। समसामायिक हुनलाई रचनाले वर्तमान युगजीवन वा समयका अभिलक्षणलाई आत्मसात् गरेको हुनुपर्दछ। समसामयिक साहित्यले कल्पना, भावना, आदर्शवाद, स्वच्छन्दता र वादलाई कुनै स्थान दिँदैन। समसामयिक साहित्य वास्तविकता, सत्यता र यथार्थमा केन्द्रित रहन्छ (पोखरेल, २०६२ : १६८)। यसरी समसामयिक साहित्य लेखनको प्रमुख आधार युगजीवनको सत्य र ठोस वस्तु हो। यसमा परम्परित मान्यताहरू भत्किन्छन्।

वि.सं. २०३७ पछिका नाटककारले नाटकलाई कल्पना, भावना, आदर्श र स्वच्छन्दतावादी प्रवृत्तिबाट मुक्त गरी जीवनका सत्यता वास्तविकता र यथार्थलाई स्थापित गरेका छन्। समसामयिक नाटक प्रयोगवादमा केन्द्रित रहेको छ। नाटकको कथावस्तु, पात्र घटना शिल्पशैली, परिवेश र अभिनय पक्षमा यस कालका नाटकमा नयाँ नयाँ प्रयोगले मुख्य स्थान पाएका छन्। ज्ञान विज्ञानका क्षेत्रमा देखा परेका नयाँ नयाँ प्रयोगबाट प्रभावित समसामयिक नाटक बढी प्रयोगवादी बन्दै गएका छन्। समसामयिक प्रवृत्ति अनुसरण गरी लेखिएका नाटक निम्नप्रकार रहेका छन् :

- ध्रुवचन्द्र गौतम- भस्मासुरको नलीहाड (वि.सं. २०३७), समानान्तर (वि.सं. २०३९)
- अशेष मल्ल- सडकदेखि सडकसम्म (वि.सं. २०३७), नाटकहरूको नाटक (वि.सं. २०३८)
- मोहनराज शर्मा- यातनामा छटपटाएकाहरू (वि.सं. २०३८), जेमन्त/यमा (वि.सं. २०४१), बैकुण्ठ एक्सप्रेस (वि.सं. २०४२)
- सरुभक्त- युद्ध उही ग्यास च्याम्बर भित्र (वि.सं. २०४०), इथर (वि.सं. २०४४), निमावीय (वि.सं. २०५५)
- गोपाल पराजुली- सडकपछि सडक (वि.सं. २०४१)

- अविनाश श्रेष्ठ- अश्वत्थामा हतोहतः (वि.सं. २०५०)
- श्रवण मुकारुङ- यलम्बर (वि.सं. २०५३)
- अभि सुवेदी (आरोह समूह) अग्निको कथा (वि.सं. २०६०) (भण्डारी र अन्य, २०६४ : ३७१)।

माथि उल्लेख गरिएका नाट्यकृतिका आधारमा समसामयिक नाट्य अभिलक्षण निम्नप्रकार रहेका छन् :

- परम्परागत नाट्यशैलीको त्याग एवं नवीन नाट्यशैलीको वरण,
- सूक्ष्म कथावस्तुको प्रयोग,
- युगजीवनका विवशता विकृतिपूर्ण मानसिकता, पलायनवादी प्रवृत्ति, भोगवादी दृष्टिकोण, ह्रासोन्मुख,मानवीय मूल्यको प्रस्तुति,
- वर्तमान जीवनभोगाइको यथार्थ प्रस्तुति एवम् भविष्यमा घट्न सक्ने विषम परिस्थितिप्रतिको चासो,
- स्वैरकल्पनाको प्रयोग
- चेतनप्रवाह शैलीको प्रयोग (ढुङ्गेल र दाहाल, २०७७ : ८०)।
- समाजका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य,
- सूत्र र सङ्केतका माध्यमबाट अमूर्त विषयको प्रस्तुति,
- बिम्ब र प्रतीकहरूको कलात्मक प्रयोग,
- सडक नाटक एवम् विज्ञान नाटक जस्ता नयाँ नयाँ प्रयोगको आरम्भ,
- नाटकलाई श्रव्यदृश्य विधाका रूपमा विकसित गर्नका लागि विभिन्न नाट्य समूहको गठन गरिनु, जस्तैः सर्वनाम समूह, आरोहण समूह (गुरुकूल)।

## कविता विधाको समसामयिक सन्दर्भ र अभिलक्षण

आधुनिक नेपाली कविता यात्रामा वि.सं. २०३० देखि हालसम्मको समयावधिलाई समसामयिक धारा मानिएको छ। प्रयोगवादी धाराले ल्याएका सम्प्रेषणात्मक कठिनाइ र पाठकीय सम्प्रेषण विच्छेदनको अवस्थाबाट कवितालाई जोगाइ युगीन चेतना र अभिव्यक्ति प्रक्षेपण गर्ने उद्देश्य कतिपय युवा कविहरू सुरुदेखि नै सक्रिय हुँदै आएका थिए। २०३० सालपछिको समयमा नयाँ पुस्ताको विभिन्न सचेत कवि प्रतिभाहरूले विभिन्न साहित्यिक आन्दोलनहरू चलाएको पाइन्छ। ती साहित्यिक आन्दोलनबाट नेपाली कविता पनि प्रत्यक्ष रूपमा प्रभावित रहेको पाइन्छ। प्रयोगवादी कविता धाराको एक दशक बित्दा नबित्दै राल्फा, अस्वीकृत जमात, तरलवाद, सडक कविता, क्रान्ति, कोलाज आन्दोलन, जनआन्दोलन कविता आदि साहित्यिक तथा कवितात्मक आन्दोलनहरूले नेपाली कवितालाई पाठकसामु पुऱ्याउन प्रशस्त सहयोग गरेको पाइन्छ (भण्डारी, २०६७ : ३७)। यसरी समसामयिक धाराले मूलतः सम्प्रेषणीयतालाई प्राथमिकता दिइएको छ। यस समयका कविमा लघुत्तम कविताप्रति विशेष आकर्षण पाइन्छ। सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिहरूलाई तीव्र संवेदनशीलताका साथ प्रस्तुत गरेका छन्।

युगीन मानवीय सन्दर्भ र राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिकूलताको तीव्र विरोध तथा सामाजिक मूल्य विचलनप्रतिको युवा शुलभ आक्रोश पनि समसामयिक कविहरूको विशेषता नै बनेको छ। प्राकृतिक र ग्रामीण

परिवेशप्रति भन्दा सहरिया अस्तव्यस्त परिवेश चित्रणप्रति रुचि राख्नु यस समयका कविको प्रवृत्ति हो। सरल, सम्प्रेष्य र प्रभावशाली भाषाशैलीको प्रयोग गरेर सङ्कटग्रस्त मानवीय अस्तित्वको चिरफार गर्नमा पनि कविहरू सचेत रहेको पाइन्छ। समसामयिक धाराका कविहरूलाई ऊर्जा प्रदान गर्ने २०३६ सालको जनमत सङ्ग्रहको घोषणा, २०४६ सालको जनआन्दोलन २०४७ सालको नयाँ संधिवानको घोषणा, २०६२।०६३ को लोकतान्त्रिक आन्दोलन आदिको भूमिका पनि उल्लेख्य रहेको छ। समसामयिक कविता धाराका प्रमुख कवि र कविताहरू निम्नप्रकार छन् :

- दिनेश अधिकारी- अन्तरका छिटाहरू (कविता सङ्ग्रह २०३७), धर्तीको गीत (कविता सङ्ग्रह २०४४), आदिम आवाज (कविता सङ्ग्रह २०४५)
- कृष्णभूषण बल- भाले बास्ने विहान (वि.सं. २०४१)
- बिमल निभा- आगोनेर उभिएको मानिस (वि.सं. २०४०)
- सरुभक्त- बन्द खामभित्र (२०३८)
- फणीन्द्र नेपाल- फणीन्द्र नेपालका कविता (२०४५)
- ऋषिराम भूषाल- हुरि चल्नु अघि (२०४९)
- विरही अधिकारी- विकृति र मान्छे (२०५७)
- गोमादेवी उपाध्याय- जलन (२०३७)
- तीर्थ श्रेष्ठ - तीर्थ श्रेष्ठका कविताहरू (२०५५)
- माधव वियोगी- भावनाको लडाइँ (२०४५)
- प्रभा बराल- पर्खाल (२०६१)
- शारदा शर्मा- सीमान्त अनुभूति (२०४४)
- सरस्वती प्रतीक्षा- बिम्बहरूको कठघरा (२०६६)
- निलम कार्की- निलम कार्की निहारिकाका कविता (२०६३)
- दीपेन्द्र अधिकारी- क्रान्ति र कविता (२०६६)
- पार्वती पहारी तुफान- पर्खीरहेको घर (२०६९), ढुङ्गेल र दाहाल, २०६९ : २४)।

माथि उल्लेख गरिएका कविता/काव्यकृतिका आधारमा समसामयिक कविताका अभिलक्षण निम्न प्रकार रहेका छन् :

- सरल, सम्प्रेष्य र सुबोध भाषाभित्र युगीन चेतनाको अभिव्यक्ति,
- समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक सांस्कृतिक परिवेशको जीवन्त चित्रण,
- प्रजातान्त्रिक मूल्यमान्यता, स्वतन्त्रता र समानताको स्वरप्रकट,
- युगजीवनका भय, आतङ्क, अनिश्चय, कुण्ठा, निराशा र मूल्यहीनताको जीवन्त चित्रण,
- गद्यात्मक मूल प्रवाह र आंशिक रूपमा लोकलयका साथै शास्त्रीय छन्दको समेत प्रयोग,
- भावुकताबाट जोगिएर बौद्धिकताको प्रस्तुति,
- यथार्थपरक धारणाको प्रस्तुति,

- लोकतन्त्र र गणतन्त्रमूलक विषयवस्तु,
- सामाजिक हक र अधिकारको प्रत्याभूति, (लम्साल र अन्य, २०६४ : १२)।
- लघु र लघुत्तम शैलीका कविता लेखप्रति विशेष आकर्षण,
- मानवीय जीवन मूल्यका वस्तुपरक अभिव्ययिक्त,
- सरल र सुबोध बिम्ब प्रतीकहरूको प्रयोगद्वारा समग्र मानवीय जीवनको अन्तर्सर्वेक्षण,
- कतिपय सन्दर्भमा कवितात्मक गरिमा र कवितात्मक सौन्दर्यको ह्रास,
- सामाजिक विकृति, विसङ्गति तथा मानवीय पीडा र व्यथाहरूको फोटोग्राफिक प्रस्तुति,
- आशावादी जीवन दृष्टि र मानवतावादी विचारको अभिव्यक्ति,
- उत्तर आधुनिकतावादी विचारधाराको अभिव्यक्ति,
- तत्कालीन राजनीतिक विकृतिको चित्रण,
- आधुनिक विज्ञान र प्रविधिलाई कवितामा प्रयोग गर्ने प्रयास (ओझा र अन्य, २०६७ : २०)।

## आख्यानको समसामयिक सन्दर्भ र अभिलक्षण

नेपाली साहित्यमा कथा र उपन्यासलाई आख्यानात्मक विधाका रूपमा चिनिन्छ। वि.सं. २०३७ बाट नेपाली कथामा समसामयिक धारा भित्रिएको पाइन्छ। समसामयिक धारालाई अध्ययन गर्न सजिलो होस् भनी पहिलो चरण (२०३७-२०४५) र दोस्रो चरण (२०४६- हालसम्म) गरी विभाजन गरिएको छ। पहिलो चरणमा मार्क्सवादी र गैर मार्क्सवादी उपधारा देखिएका छन् भने दोस्रो चरणमा उत्तरआधुनिकतावादी र विनिर्माणवादी मान्यता आत्मसात् गरी कथा लेखिएको पाइन्छ (ढुङ्गेल र दाहाल, २०७७ : २७)। त्यसैगरी उपन्यासको समसामयिक धारामा प्रयोगवादी र मिथकीय प्रवृत्तिका साथमा उपन्यासहरू लेखिएका छन्। समसामयिक धारामा प्रतीकात्मक रूपमा मिथकीय प्रयोगलाई भित्र्याइएको छ। यही प्रयोगवादी र मिथकीय प्रयोग नै समसामयिक धाराको महत्त्वपूर्ण नवीन प्रवृत्ति हो (गैरे, २०६७ : २४८)। समसामयिक आख्यानात्मक प्रमुख कृति र कृतिकारहरू निम्न प्रकार रहेका छन् :

## कथाकार

- सिकारु- उन्मुक्ति निसासिन्छ (२०३९)
- विजय चालिसे- प्रयोग प्रत्यारोण (२०४९)
- राजव- समय पीडा (२०४५)
- राजेन्द्र पराजुली- विकल्प यात्रा (२०५१)
- इस्लामी - माछो माछो भ्यागुतो (२०५२)
- महेश विक्रम शाह - छापामारको छोरो (२०६३)
- घनश्याम ढकाल - शहीदको सालिक (२०६६)
- सनत रेग्मी - बन्द कोठाको शहर (२०४८)

- गोबिन्द गिरी- सुतेको समुन्द्र (२०४०)
- मञ्जु काँचुली- केही माया केही परिधि (२०४५)
- सीता पाण्डे- असजिला खुसीहरू (२०४३)
- मोहनराज शर्मा- महासून्य (२०५०)
- कृष्ण धरावासी- झोला (२०६०)
- भागीरथी श्रेष्ठ - भूमिगत (२०६२)
- पद्मावती सिंह- मौन स्वीकृति (२०६५)
- सरिता ढकाल- मेरा कथाहरू (२०६५)
- दिवा चेमजोङ -आफन्तको अनुहार (२०६६)

**उपन्यासकार र उपन्यास**

- ध्रुवचन्द्र गौतम - अलिखित (२०४०), उपसंहार अर्थात् चौथो अन्त्य (२०४८), फूलको आतङ्क (२०५५)
- नयनराज पाण्डे- विक्रमादित्य एउटा कथा सुन (२०४४)
- कविता राम - बकपत्र (२०४६)
- तेह्रजना लेखकको संयुक्त लेखन - अवतार विघटन (२०४०)
- तीनजना लेखकको संयुक्त लेखन- देशमुक्त (२०५४)
- मोहनराज शर्मा - सजिलो (२०६६)
- चैतन्य शर्मा- आँखा + आँखा (२०६४)
- विश्वेश्वरप्रसाद कोइराला- मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०)
- मदनमणि दीक्षित- माधवी (२०३९), त्रिदेवी (२०५१)
- राजेश्वर देवकोटा- द्वन्द्वको अवसान (२०४२)
- दौलतविक्रम विष्ट- ज्योति ज्योति महाज्योति (२०४५)
- कृष्ण धरावासी- राधा (२०६२)

माथि उल्लेख गरिएका समसामयिक धाराका आख्यानात्मक कृतिका आधारमा प्रमुख आख्यानात्मक अभिलक्षणहरू निम्नप्रकार छन् :

- सामाजिक सांस्कृतिक मानकप्रति वितृष्णा,
- समतामूलक समाज निर्माणको आग्रह,
- विसङ्गति र विकृतिमूलक परिवशेप्रति व्यङ्ग्य,
- प्रगतिशील चेतनाको तीव्रता,
- स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष र विद्रोह,
- एक्लोपनको नियतिप्रति चिन्ता,

- स्वैरकल्पनाको प्रयोग र रहस्यमय प्रस्तुति,
- विश्वजनिन सन्दर्भहरूप्रति सचेतना,
- बौद्धिक चेतनाको अभिव्यक्ति,
- परम्परागत नियमलाई अस्वीकृत गर्दै नयाँ शैलीमा उपन्यासको प्रस्तुति,
- चेतनप्रावह शैली र बिम्बात्मक भाषा प्रयोग,
- नवीन, लुप्त र गुप्त सत्यको रहस्योद्घाटन गर्ने प्रयास,
- अन्वेषणमूलक अभिव्यक्ति,
- आदिम सभ्यता र संस्कारहरूसँग वर्तमान जटिल,वस्तुस्थिति र परिस्थितिको सामन्जस्य गरी सजीव प्रस्तुति गर्न',
- पुराण र धार्मिक ग्रन्थमा आधारित कथावस्तुमा नयाँ अर्थको अन्वेषण गर्न',
- समसामयिक यथार्थ र मिथकको अन्तर मिश्रणबाट नवीनताको सिर्जना गर्ने प्रयास,
- भाषा र परिवेशको पुनसिर्जना गर्न' (ढुङ्गेल र दाहाल, २०७७ :२४२) ।

## निबन्ध विधाको समसामयिक सन्दर्भ र अभिलक्षण

निबन्ध साहित्यका विधाहरूमध्ये कान्छो विधा हो। निबन्ध कुनै विषयवस्तुको स्वरूप, प्रकृति, गुण, दोष आदिका दृष्टिबाट लेखकको गद्यात्मक अभिव्यक्ति हो। यसमा कुनै विषयको प्रसङ्ग उपर विचार प्रकट गरिएको हुन्छ। आधुनिक नेपाली निबन्धको तस्रो चरण रूपरेखा पत्रिकाको प्रकाशनसँगै नेपाली निबन्ध विधामा समसामयिक प्रवृत्ति पाइन्छ। यस समयमा निबन्धकारहरू निजात्मकता भित्रै नौलो शैलीका साथ चेतन प्रवाह शैलीलाई आत्मसात् गरेका छन्। त्यसैगरी हास्य र व्यङ्ग्यका माध्यमबाट सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखापरेका विकृतिहरूलाई प्रस्तुत गरेका छन्। यात्रा वृत्तान्तमा आधारित निबन्ध लेखन पनि यसै चरणमा भएको पाइन्छ (भण्डारी र अन्य, २०६६ : २८८)। यसरी निबन्धको समसामयिक सन्दर्भमा नेपाली राजनैतिक इतिहासका २०१७ साल, २०३६ साल, २०४६ साल र २०६३ सालका घटना क्रमहरूबाट प्रभावित रहेको छ। वर्तमान समयमा थुप्रै नयाँ प्रतिभाहरू नयाँ चिन्तन र प्रस्तुतिका साथ निबन्ध लेखनमा सक्रिय रहेको पाइन्छ। यस चरणका प्रमुख निबन्धकार र निबन्धात्मक कृतिहरू निम्नप्रकार छन् :

## निबन्धकार

- कमल दीक्षित- कालो अक्षर (२०१७)
- शङ्कर लामिछाने- एब्स्ट्रयाक्ट चिन्तन प्याज (२०२४), गोधुली संसार (२०२७)
- भैरव अर्याल- जयभुँडी (२०२२), गलबन्दी (२०२६)
- रमेश विकल- सात सूर्य एक फन्को (२०३४)
- वाशुदेव त्रिपाठी - श्रद्धाका पक्षमा (२०३३)
- श्रीधर खनाल- नमरी स्वर्ग देखिन्न (२०२०)

- तारानाथ शर्मा- बेलाइततिर बरालिँदा (२०२६), पाताल प्रवास (२०४२)
- देवीचन्द्र श्रेष्ठ - हुम्ला बोल्छ मानसरोवरमा (२०३७)
- मोहनराज शर्मा( झप्पुसिंह डबल एम.ए. (२०३८)
- श्याम गोतामे- कायेन वाचा (२०३५)
- मोदनाथ प्रश्रित - केही सांस्कृतिक निबन्धहरू (२०४७)
- राजेन्द्र सुवेदी- खाली सिसी पुराना कागज (२०४९)
- माधवप्रसाद पोखरेल- मेरो मान्छे (२०५४) (ढुङ्गेल र दाहाल, २०७७ : ३८७) ।

माथि उल्लेख गरिएका समसामयिक निबन्धात्मक कृतिका आधारमा प्रमुख निबन्धगत अभिलक्षणहरू निम्नप्रकार रहेका छन् :

- विषयवस्तु र शैलीका दृष्टिले व्यापक र विविध क्षेत्र समेट्नु,
- हास्यव्यङ्ग्यात्मक निबन्धहरूले विद्यमान विकृति र विसङ्गतिहरूलाई समग्र रूपमा चित्रण गर्न',
- नियात्रा लेखनलाई विशेष महत्त्व दिनु,
- नेपाली निबन्ध लेखनमा प्रयोगवादी प्रवृत्ति भित्रिनु,
- बौद्धिक र दार्शनिकता भरिएका निबन्ध लेखिनु,
- प्रगतिवादी यथार्थवादी निबन्ध लेखन हुनु,
- सामाजिक, आर्थिक, राजनैतिक, विकृतिको प्रस्तुति,
- मानवीय अस्तित्वमा देखा परेको सङ्कट, हत्या, हिंसा र आतङ्कको महामारी, सत्ता लोलुपता, खस्कँदो मानवीय मूल्य आदिलाई निबन्धको विषयवस्तु बनाउनु,
- यथास्थिति विरोधी निबन्ध लेखन परम्परा फस्टाउँदै जानु,
- जीवनका जटिलता, आर्थिक भ्रष्टाचार, प्रशासनिक ढिला सुस्ती, पराधीन बन्दै गएको नेपाली मानसिकता सत्तासिन हुने स्वार्थ, वैज्ञानिक आविष्कारले निम्त्याएको सङ्कट जस्ता विषयलाई आत्मसात् गर्दै निबन्ध लेखिनु (भण्डारी र अन्य, २०६६ : २८९) ।

## शैक्षणिक उपयोगिता

- नेपाली साहित्यको बारेमा ज्ञान आर्जन गर्न,
- नेपाली साहित्यको समसामयिक सन्दर्भको जानकारी प्राप्त गर्न,
- नेपाली साहित्यका प्रमुख विधाहरूसँग परिचित हुन,
- नेपाली साहित्यका प्रमुख विधाहरू नाटक,कविता आख्यान र निबन्ध विधाका समसामयिक सन्दर्भ र अभिलक्षणहरूको जानकारी लिन,
- साहित्य सम्बन्धी नवीन प्रवृत्तिहरूसँग परिचित हुन ।

## निष्कर्ष

साहित्य बन्नका लागि भनाइमा वक्रता, रसात्मकता, रमणीयता, रागात्मक साथै कल्पनात्मक पक्षको आवश्यकता पर्दछ । साहित्य रचना गर्ने व्यक्ति महान् हुन्छन् । साहित्यले लेखक, पाठक, स्रोता सबैलाई हित गरेको हुन्छ  साहित्यमा हितकारी गुण हुन्छ । साहित्य अन्तर्गत थुप्रै विधा उपविधाहरू पर्दछन् । लघुकथा, कथा, उपन्यास, गजल, मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, नाटक, एकाङ्की, संवाद, मनोवाद, निबन्ध आदि रहेका छन् । मिल्दाजुल्दा प्रवृत्तिका आधारमा मूलतः यस लेखमा नाटक कविता, आख्यान र निबन्ध गरी ४ प्रमुख विधाहरूको समसामयिक सन्दर्भ र अभिलक्षणहरूलाई प्रस्तुत गरिएको छ । नाटकमा खास गरेर प्रयोगवादी प्रवृत्ति, यथार्थताको प्रस्तुति, विज्ञान नाटक, समूहगत अभिनयात्मक श्रव्यदृश्यलाई बढी जोड दिइएको पाइन्छ । कविता विधाको समसामयिक मूल पक्ष हेर्दा सरलता, सम्प्रेष्य, सुबोद्य, स्वतन्त्रता, समसामयिक राजनीतिक अस्थिरता, प्रजातान्त्रिक मूल्यमान्यता जस्ता अभिलक्षण पाइन्छन् । कथा र उपन्यास विधाहरू मूलतः समतामूलक समाज निर्माणमा जोड, समाजमा विद्यमान विकृतिको प्रस्तुति, क्रान्तिकारी प्रगतिवादी भावना, शोषितवर्ग सङ् गठित हुनुपर्ने चेतना, यथार्थ र मिथकको अर्न्तमिश्रणबाट नवीनताको सिर्जना जस्ता प्रवृत्ति रहेका छन् । त्यसैगरी समसामयिक निबन्ध विधाका प्रमुख अभिलक्षण व्यापक विषयवस्तु, नियात्रा लेखन, हास्यव्यङ्ग्य, बौद्धिकता, दार्शनिकता, सामाजिक यथास्थितिको चित्रण, पदलोलुप प्रवृत्तिको चित्रण, प्रगतिवादी यथार्थवादी निबन्ध लेखन आदि अभिलक्षण रहेका छन् ।

## सन्दर्भ सामग्री


अर्याल, जमुना (२०७६), “बी.एड. चौथो वर्षमा अध्ययनरत विद्यार्थीको पाठयोजना निर्माण गर्ने क्षमता”, लघु अनुसन्धान, गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस, पोखरा ।

ओझा, रामनाथ र अन्य (२०६७), **नेपाली कविता र काव्य,** काठमाडौँ : पिनाकल पब्लिकेसन ।

गैरे, ईश्वरीप्रसाद (२०६३), **आधुनिक नेपाली आख्यान,** काठमाडौँ : क्षितिज प्रकाशन ।

चौहान, ईश्वर र नवीन के.सी. (२०७५), **अनुसन्धान विधि,** काठमाडौँ : रत्नसागर प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), **नेपाली कविता र काव्य,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

........................ (२०७७), **नेपाली नाटक एकाङ्की र निबन्ध,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

........................ (२०७७), **नेपाली कथा  उपन्यास,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पोखरेल, रामचन्द्र (२०६२), **नेपाली नाटक : सिद्धान्त र समीक्षा,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६४), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

........................ (२०६६), **नेपाली, नाटक एकाङ्की र निबन्ध,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६७), **नेपाली कविता काव्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६४), **नेपाली कविता, नाटक र इतिहास,** काठमाडौँ : सनलाइट पब्लिकेसन ।